# भिआईपी शयनकक्ष निर्माण



अनुसूची १

**प्रस्ताव**

किरात राई यायोक्खा हङकङको सुप्तुलुङ मर्मत तथा निर्माण परियोजनाको परिच्छेद २ धारा (ख) को उपधारा ४ मा उल्लेखित सुप्तुलुङ खिममा भिआईपी शयनकक्ष निर्माण गर्ने सम्बन्धमा किरात राई साम्पाङ जुम्लेखा हङकङको ध्यानकर्षण भएकोले एक सांगितिक कार्यक्रम आयोजना गरि निर्माण गरिदिने जुम्लेखाको सल्लाह भए अनुसार यो प्रस्ताव तयार गरिएको छ ।

**उदेश्य :**

1. किराया हङकङको बिशिष्ठ पाहुनाहरुलाई राख्न ।
2. हप्ता छुट्टि मनाउन जानेहरुलाई सुत्नको ब्यावस्था गर्न ।
3. सुप्तुलुङ खिमको आकर्षण बढाउन ।
4. निर्माण परियोजनालाई टेवा पुरयाउन ।
5. किराया हङकङको नियमित आम्दानी बढाउन ।

**सयनकक्ष निर्माण**

किरात राई यायोक्खा हङकङले खरिद गरेको सुप्तुलुङ खिममा निम्न सुबिधा सम्पन्न २ वटा भिआईपी सयन कक्ष निर्माण गरिने छ ।

| क्र.सं. | सामाग्रीहरु | सयनकक्ष १ | सयनकक्ष २ | जम्मा |
|---|---|---|---|---|
| 1 | वाल, ढोका, झ्याल | 1 | 1 | 2 |
| 2 | सिलिङ, पेन्टिङ, कार्पेट | 1 | 1 | 2 |
| 3 | एसि, झुमर, ल्याम्प | 1 | 1 | 2 |
| 4 | 24″ टिभि, वालपिक्चर | 1 | 1 | 2 |
| 5 | फोल्डिङ हुने डबलबेड | 1 | 1 | 2 |
| 6 | ऐना भएको दराज | 1 | 1 | 2 |
| 7 | टेबल र चेयर | 1 | 1 | 2 |
| 8 | निर्माण खर्च | 1 | 1 | 2 |

## कार्यक्रमको नाम र ब्यानर

किराया हङकङ लगायत भाषिक संस्थाहरुको २/३ बहुमतले यस प्रस्तावलाई मान्यता दिई अनुमोदन गरे यस कार्यक्रमको ब्यानर तथा निमन्त्रणापत्र निम्न तरिकाले बनाईने छ ।

"किराया हङकङ प्रस्तुत गर्दछ"

सुप्तुलुङ खिम भिआईपी शयनकक्ष निर्माणार्थ

.................. द्वारा प्रायोजित

**साम्पाङ साँझ**

**मिति : जुलाई २०१९**

**आयोजक : किरात साम्पाङ राई जुम्लेखा हङकङ**

## खुद मुनाफा मिलान

यस कार्यक्रमबाट आएका खुद मुनाफाले उपरोक्त अनुसारको २ वटा भिआईपी शयनकक्ष निर्माण गरिने छ । कथंकदाचित खुद मुनाफा आर्जन गर्न नसकि निर्माण गर्न नसकिएमा उब्रेको रकम किराया हङकङको मातहातमा बिशेष अक्षयकोष निर्माण गरि कार्यक्रमलाई निरन्तरता दिदै गईने छ । निर्माण कार्य सकि मुनाफा उब्रिएमा किरात साम्पाङ राई जुम्लेखा हङकङको खातामा मिलान गरिने छ ।

## हल बुकिङ र डिपोजिट

हल बुकिङ किरात राई एसोसिएसन हङकङ लिमिटेडको नाममा बुकिङ गरिने छ ।हल बुकिङमा राखेको डिपोजिट रकम फिर्ता भएपछि सो रकम समेत निर्माणमा लगाईने छ ।

## शयनकक्षको नाम र सर्वाधिकार

शयनकक्ष निर्माण भईसके पश्चात यस्को नाम "साम्पाङ भिआईपी शयनकक्षलय" भनि कोठा बाहिर राखिने छ । यदि कोठा बनाईदिने सौजन्यदाता पाईएमा उस्ले भनेको नाम कोठा भित्रमा राखिने छ । निर्माण भई सकि किराया हङकङलाई हस्तान्तरण गरेपछि नाम परिवर्तन गर्न बाहेक यस्को सर्वाधिकार किराया हङकङमा जाने छ । (समाप्त)